# प्रेस बिज्ञप्ती

तानसेन नगरपालिकाको दोश्रो नगरसभा यही मिति २०७४।१२।२८ गते प्रारम्भ भई २०७४।१२।२९ मा सम्पन्न भएको छ । नेपालको संबिधान भाग १८ मा व्यवस्था गरिएको स्थानीय व्यवस्थापिकाको सम्बैधानिक प्रावधान अनूरुप तानसेन नगरपालिकाले दोश्रो नगर सभा गरेको हो । सामान्यतया व्यवस्थापिका बैठक अर्थात सदन दूई प्रकारको हून्छ । हिउंदे अधिवेशन(सदन) र वर्षे अधिवेसन(सदन) । हिउंदे अधिवेशनमा ऐन, कानुनको निर्माण गरिन्छ भने वर्षे अबिधेसनलाई बजेट(बिनियोजन ऐन र आर्थिक ऐन) निर्माण गरिने हूंदा वर्षे अधिवेशन भन्ने गरिन्छ ।

आज सम्पन्न तानसेन नगरपालिकाको दोश्रो नगर सभामा नगरपालिकालाईलाई तत्काल चाहिने केही ऐनहरु पारित भएका छन् । जून देहाय अनूसार छन् ।

१। बिनियोजन ऐन २०७४(संसोधित)
२। आर्थिक कार्यबिधि (नियमित तथा व्यवस्थित गर्न बनेको) ऐन २०७४
३। प्रशासकीय कार्यबिधि नियमित गर्न बनेको ऐन २०७४
४। कृषि व्यवसाय प्रर्वद्धन ऐन २०७४
५। न्यायीक समितिले उजूरीको कारबाही गर्दा अपनाउनू पर्ने कार्यबिधि ऐन २०७४
६। तानसेन नगरपालिकाको पदाधिकारीहरुको आचारसंहिता २०७४
७। सहकारी ऐन २०७४

उपरोक्त ऐनहरु तानसेन नगरपालिकबाट जारी हूने राजपत्रमा प्रकाशित भए लगत्तै प्रारम्भ हूनेछ । जो तत्काले जारी हूने प्रबन्ध मिलाइनेछ ।

तानसेन नगरपालिकाको प्रथम नगर सभाबाट पारित भएको बिनियोजन ऐन २०७४ लाई यस दोश्रो सभामा आंशिक संसोधन गरिएको छ । बिनियोजन ऐन २०७४ मा उल्लेखित चालू आ.व.का लागि स्वीकृत योजना तथा कार्यक्रमहरु संसोधन तथा थपघट भएका छन्। प्रथम नगर सभाले पारित गरेको रु.६९,११,३१,९४७ ।- अक्षेरुपी उन्सत्तरी करोड एघार लाख एकतिस हजार नौ सय सठ्चालिस रुपैया मात्र) लाई संसोधन गरेर रु.६४,६९,९७,७३४ ।- अक्षेरुपी चौसट्ठी करोड, उन्सत्तरी लाख, सन्तानब्बे हजार सात सय चौतिस रुपैया मात्र पारित गरिएको छ । यसरी रु ४,४१,३४,२१३ बजेट घट्नुमा आन्तरिक आम्दानीमा अनुमान गरे बमोजिम लक्ष्य हांसिल हुन नसकेको, राजश्व बांडफांड र रोयल्टीको विषयमा कुनै सम्बन्धित निकायबाट कुनै संकेतसम्म प्राप्त हुन सकेको कारण प्रमुख हुन् ।

अन्तमा, यस दोश्रो नगर सभालाई सफलता पूर्वक सम्पन्न गराउन आआफ्नो स्थानबाट भूमिका निर्वाह गर्नु हुने जनप्रतिनिधिहरु, कर्मचारीहरु तथा संचारकर्मीलाइ यसै बिज्ञप्ती मार्फत धन्यबाद् दिन चाहान्छौं ।

मितिः २०७४।१२।२९